# नेपाल राष्ट्र बैंक

## k]; ;dfrf/

# गभर्नर-बेलायती राजदूत भेट

नेपालका लागि संयुक्त अधिराज्य (बेलायत) का राजदूत Andy Sparkes CMG ले गभर्नर डा. युवराज खतिवडासंग असोज १ गतेका दिन बैंकको केन्द्रीय कार्यालयमा भेट तथा छलफल गर्नु भयो ।



भेटमा राजदूत Sparkes ले नेपालको पछिल्लो विनिमयदर अवस्था, वित्तीय स्थिति, सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी भएका प्रयासहरू र समग्र आर्थिक स्थितिका बारेमा चासो व्यक्त गर्नु भएको थियो ।

भेटका अवसरमा गभर्नर डा. खतिवडाले राजदूत Sparkes लाई केन्द्रीय बैंकमा स्वागत गर्दै नेपालको वित्तीय क्षेत्र सुधार सम्बन्धी अभियानमा बेलायती सहयोग संस्था DFID ले पुऱ्याएको वित्तीय एवं प्राविधिक सहयोगको प्रसंशा गर्नुभयो । नेपालको विनिमयदर प्रणाली स्थिरतातर्फ उन्मुख भएको जानकारी दिँदै उहाँले सम्पत्ति शुद्धिकरण निवारणतर्फ भएका पहलहरू बारे जानकारी गराउनु भयो ।

नेपाल राष्ट्र बैंकले अघि सारेका वित्तीय क्षेत्र सुधार सम्बन्धी कार्यक्रमहरु अन्तर्गत अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको वित्तीय एवं प्राविधिक सहयोगमा सञ्चालन गर्न लागिएको वित्तीय क्षेत्र मूल्यांकन कार्यक्रम र वित्तीय क्षेत्र विकास रणनीति तर्जुमा गर्ने कार्यमा समेत DFID ले वित्तीय सहयोग गरिरहने अपेक्षा समेत राख्नु भयो ।

भेटका अवसरमा बैंकका कार्यकारी निर्देशक भाष्करमणि ज्ञवाली र DFID को नेपालस्थित कार्यालयका इन्क्लुसिभ वेल्थ क्रियसनका टिम लिडर अशुफ्ता आलमको समेत उपस्थिति रहेको थियो ।

**गभर्नरको कार्यालय**

मिति २०७० असोज ३ गते, बिहीबार